लगानि साझेदारी सहित चक्लावन्दीमा एकिकृत कृषि विकास कार्यक्रम सन्चालन गर्ने सम्वन्धमा प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना सिन्धुपाल्चोक/ काभ्रे र धुलिखेल नगरपालिका वीच मिति २०७७/६/२१ मा भएको सम्झौताको प्रथम संशोधन

यन्त्रमैत्री गह्रा सुधार तथा जग्गा चक्लाबन्दी नियमन र प्राविधिक पक्ष

१. यन्त्रमैत्री गह्रा सुधार गर्दा १२ प्रतिशत भन्दा बढी भिरालोपना भएको जग्गामा गरिने छैन। साथै मूल सडक र सहायक सडक बाट ५० मिटरको क्षेत्र भित्र रहेको र निकट भविष्यमा बस्ती बस्ने सम्भावना रहेको जग्गामा कार्यक्रम सञ्चालन गरिने छैन।

२. यन्त्र मैत्री हुनेगरी गरा सुधार गर्ने क्रममा सम्बन्धित जग्गा धनीहरूको साँध सिमाना तथा छुट्याउने र निर्माण गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित सहकारीमा आवद्ध जग्गाधनीहरुको नै हुनेछ । दुई वा दुईभन्दा बढी सधियारहरुको वीचमा निजी जग्गाको साँध सिमाना सम्बन्धी कुनै समस्याहरु सिर्जना भएमा उक्त समस्याहरु समाधान गर्ने जिम्मेवारी समेत सम्बन्धित जग्गा धनिहरु र नगरपालिकाको हुनेछ ।

३. गह्रा सुधार कार्य सम्पन्न भएपश्चात उक्त जग्गामा आधुनिकि कृषि यन्त्र उपकणहरुको प्रयोग गरी कम्तिमा पनि बर्षमा ३ बाली लगाउनुपर्नेछ। बाली लगाउँदा सहकारीले निर्धारण गरेको बार्षिक कृषि कार्य योजना बमोजिम आलु, मकै लगायत खाद्यन्न बालीहरुको बीज बृद्धि कार्यक्रमलाई प्रमुख प्राथमिकतामा राखि बार्षिक कृषि क्यालेन्डर बमोजिम बाली छनौट गरि कृषिजन्य बालीहरुको उत्पादकत्व तथा उत्पादन बृद्धि गर्नुपर्नेछ।

४. स्थानीय तहले यन्त्र मैत्री गह्रा सुधार गरिएका स्थानमा ~~कम्तिमापनि २५~~ बर्ष सम्म कुनै पनि किसिमको भौतिक निर्माणका लागि नक्सापास नगरिने नीति लिनेछ र सोही बमोजिम कानून निर्माण गरी नियमन गर्नेछ ।

५. नेपाल सरकारबाट ससर्त अनुदानको रुपमा पकेट विकास कार्यक्रम सञ्चालनका लागि धुलिखेल नगरपालिकामा उपलब्ध भएको बजेट र परियोजना कार्यान्वयन इकाई सिन्धुपाल्चोकको चक्लाबन्दिका लागि उपलब्ध बजेट एकिकृत गरी कार्यक्रम सञ्चालन गरिनेछ ।

६. उक्त स्थान व्यवसायिक कृषि प्रयोजन बाहेक अन्य प्रयोजनको लागि उपयोग गर्न पाइने छैन।

**प्रथम पक्षको तर्फ बाट**

नामः प्रकाश पौडेल

पदः प्रमूख, प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना सिन्धुपाल्चोक/ काभ्रे

हस्ताक्षरः

मितिः

**द्धितिय पक्षको तर्फ बाट**

नामः श्री अशोक कुमार ब्याञ्जु श्रेष्ठ

पदः प्रमुख, धुलिखेल नगरपालिका

हस्ताक्षरः

मितिः

अशोक कुमार ब्याञ्जु श्रेष्ठ
नगर प्रमुख